Reg. no. 26/2053 PAN No. : 301657987 SWC AFF No: 6004/054

# पाँचतारा युवा संरक्षक मञ्च

**Panchtara Yuwa Samrakshak Manch (PTYSM)**

**केन्द्रिय कार्यालय, जाजरकोट**

**मितिः २०८२/१२/०९**

**विषय : वस्तु तथा सेवा खरिदका लागी कोटेशन आह्वान सम्वन्धमा ।**

उपरोक्त सम्बन्धमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल (WVI Nepal) र पाँचतारा युवा संरक्षक मञ्च (PTYSM) जाजरकोट द्वारा सञ्चालित SHILED-IPF परियोजनाबाट भेरी नगरपालिकाको वडा नं. ५ देखि १२ र नलगाड नगरपालिकाको वडा नं.१ देखि ८ मा परियोजना सञ्चालन गर्दै आइ रहेको छ । यसै सन्दर्भमा अभिभावक तथा बाल संरक्षणका सरोकारवाला निकायहरुमा बाल समृद्धिका सवालहरुलाई सम्वोधन, तथा वकालत, वहस र छलफल गर्नका लागि साझा मञ्चको रुपमा विकास गर्ने र बालमैत्री नीति निर्माण, श्रोत संकलन, सहभागितामूलक योजना निर्माण, कार्यान्वयन र जवाफदेहिता प्रर्बद्धनका लागि पैरवी तथा वकालत गर्ने, बालबालिकाको क्षेत्रमा राज्यका तर्फवाट तय भएका कानुन तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न वकालत गर्ने र आवश्यक नीति र कार्ययोजना निर्माणगर्न स्थानीय तहमा पैरवी गर्ने, स्थानीस्तरमा रहेका बालअधिकारका सवाललाई उनीहरुमार्फत सम्वन्धित सरोकारवालाहरुसँग पुऱ्याउने वातावरणको सृजना गर्ने, बालबालिकाहरुको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्सरकारी निकायहरुलाई बाल संवेदनशिल बनाउन र बालबालिकाहरुका आवाजलाई सुन्ने बातावरणको सृजना गरि बालबालिका सवालहरुमा जनप्रतिनिधि तथा स्थानीय सरकारलाई जवाफदेही र उत्तरदायी बनाउने उद्धेश्यका साथ सडक नाटक कार्यक्रम सहजीकरण तथा कार्यक्रम उत्पादन र प्रर्दशनका लागि यो कोटेशन आह्वन गरिएको छ । कोटेशन सुचना प्रकाशन भएको मितिले ७औं दिन अर्थात मिति २०८२/१२/१५ गते साँझ ५:०० बजे सम्म बुझाई सक्नु पर्नेछ ।

**नोट : सम्बन्धित कागजजातहरुका लागी संस्थाको कार्यालय लिनसक्नु हुनेछ । कोटेशन पेश गर्नका लागी** ptysm.procurement@gmail.com मार्फत गर्न सकिने छ ।

**तपसिल:**

| क्र.सं. | आवश्यक वस्तु तथा सेवा | वस्तु तथा सेवाको प्रकार | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सडक नाटक कार्यक्रम उत्पादन तथा प्रर्दशन | सडक नाटक निर्माण तथा प्रर्दशन | संख्या | १३ | |

**आशय पत्रका सेवा शर्तहरु :**

- संस्थाले उल्लेख गरेको विशिष्टिकरण अनुसारको बस्तु तथा सेवा उपलब्ध गराउनुपर्नेछ ।
- इच्छुक आपूर्तिकर्ताले आवश्यक कागजात र विस्तृत मुल्य सहितको सिलवन्दि कोटेसन सूचना प्रकासन भएको मितिले ७ दिन भित्र पाँचतारा युवा संरक्षक मञ्च जाजरकोटको कार्यालयमा पेश गर्नुपर्नेछ । यदि कोटेसन बुभाउने अन्तिम दिन सार्वजनिक विदा परेमा दोस्रो दिनको कार्यालय समयभित्र बुझाउन सकिनेछ ।
- इच्छुक आपूर्तीकर्ताले कोटेशन संगै अन्य आवश्यक आधिकारिक कागजातहरु (फर्म दर्ता तथा नविकरणको प्रमाण पत्र, र मूल्य अभिवृद्धि कर प्रमाण पत्र तथा, स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाणपत्र आदिको प्रतिलिपि) अनिवार्य पेश गर्नुपर्नेछ ।
- संस्थाले विल भुक्तानी गर्दा कुल रकममा नेपाल सरकारको नियमानुसार लाग्ने करकट्टी गरिनेछ ।
- वित्तिय तथा प्राविधिक प्रस्तावना पेश गर्नुपर्ने छ ।

**अन्य थप जानकारी**

- आपूर्तीकर्ता छनौट गर्ने नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा नै निहित हुनेछ ।
- यस सम्बन्धि थप जानकारी आवश्यक भएमा यस संस्थाको फोन नं ०८९-४३००६८/९८४८१४५७७९ मा सम्पर्क गरी सोधपुछ गर्न सकिनेछ ।
- कोटेशन बुझाउँदा आपुर्तीकर्ताले अन्य आधिकारीक कागजात सहित आशय पत्र, स्वःघोषणा पत्र र वर्ल्ड भिजन इन्टरनेसनलको आचार संहिता निती (प्रत्येक पानामा आधिकारीक छाप र हस्ताक्षर गरेको) पनि सँगै बुझाउनु पर्नेछ ।

खरिद समिति
पाँचतारा युवा संरक्षक मञ्च, जाजरकोट